कार्यपालिकाको बैठक सख्याः- ३१ (पहिलो दिन)

समयः- दिउँसो १.०० बजे ।

स्थानः- भोटखोला गाउँपालिकाको कार्यालय, हटिया, सङखुवासभा ।

आज मिति २०८२।०१।०३ गते गाउँ कार्यपालिकाका अध्यक्ष श्री वाङछेदर लामाज्यूको अध्यक्षतामा देहायका गाउँ कार्यापालिकाका सदस्यहरुका उपस्थितिमा बैठक बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी देहाय अनुसारका निर्णय पारित गरियो ।

**उपस्थिति :**

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री वाङछेदर लामा | |
| २ | उपाध्यक्ष | श्री साहाना लामा | |
| ३ | वडाध्यक्ष-१ | श्री नुर्पु च्यावा | |
| ४ | प्रमुख प्र.अ. | श्री फुर्पु भोटे | |
| ५ | वडाध्यक्ष-२ | श्री जिप्पा तेन्जिङ भोटे | |
| ६ | वडाध्यक्ष-३ | श्री पासाङ भोटे | |
| ७ | का.बा. वडाध्यक्ष -४ | श्री धेन्जुङ भोटे | |
| ८ | वडाध्यक्ष -५ | श्री बाल कुमार राई | |
| ९ | का.पा.सदस्य | श्री दावा भुटिक भोटे | — |
| १० | का.पा.सदस्य | श्री चिप्पा भोटे | — |
| ११ | का.पा.सदस्य | श्री सलिना राई | — |
| १२ | का.पा.सदस्य | श्री सरिता वि.क. | — |
| १३ | का.पा.सदस्य | श्री जयबाउ भोटे | — |
| १४ | का.पा.सदस्य | श्री चेक्टुक भोटे | |

अन्य कर्मचारीहरु

| | | | |
|---|---|---|---|
| १ | प्रशासन शाखा प्र. | श्री दावा भोटे | |
| २ | का.स. | श्री लाजुङ लामा | |
| ३ | स्वकीय सचिव | श्री फुर्पु दोर्ची भेच्यावा | |
| ४ | छेवाङ भोटे [illegible] | छेवाङ भोटे | |
| ५ | सवारी चालक | श्री छिरिङ अन्जुङ भोटे | |
| | | | |

प्रस्तावहरुः

१. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रधान कार्यालय काठमाण्डौ र गाउँपालिका बीच भएको एमओयू अनुमोदन गर्ने सम्वन्धमा ।

२. मित्रराष्ट्र चीनको स्वशासित क्षेत्र सिजाङ प्रदेशको धिङरि काउन्टी र दिङजे काउन्टीसँग गाउँपालिका बीच भएका विभिन्न सहयोग आदान प्रदानका लागि कार्यन्वयन गर्न संघीय सरकारसँग अनुरोध गर्ने सम्बन्धमा ।

३. किमाथांका नाकामा एकिकृत चेकपोष्ट चौकी स्थापनाको लागि संघीय सरकारसगँ माग गर्ने

४. नेपाल  सरकारले भोटखोला गाउँपालिकालाई निशेधित क्षेत्रको रुपमा राखिएको हुनाले उक्त निशेधित क्षेत्रलाई हटाई पाउँ भनी गृह मन्त्रालयलाई अनुरोध गर्ने ।

५. WAIBA Infratech Pvt. Ltd. ले सञ्चालन गरेको ग्रामीण पुनः विद्युतीकरण आयोजनाको म्याद थप गर्ने सम्वन्धमा ।

६. योजना तथा कार्यक्रम शंसोधन सम्वन्धमा ।

क. गोलाभिर र क्लाप्बिङ गुरु योजना सम्बन्धमा ।

ख. थुदाम खानेपानी योजना सम्वन्धमा ।

७. ३ नं.कार्यालय विपद् व्यवस्थापन कार्यक्रम सम्वन्धमा ।

निर्णयहरु:-

निर्णय न. १:-

प्रस्ताव नं. १ माथि छलफल गर्दा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रधान कार्यालय काठमाण्डौ र भोटखोला गाउँपालिका बीच मिति २०८१ साल चैत्र १ गते स्थानीय तहमा खाद्यान्न आपूर्ति व्यवस्थापन सम्बन्धी ५ वर्षको लागि भएको समझदारी पत्र अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय न. २:-

१. प्रस्ताव नं. २ माथि छलफल गर्दा मित्रराष्ट्र चीनको स्वशासित क्षेत्र सिजाङ प्रदेशको धिङरि काउन्टी र दिङजे काउन्टीसगँ मिति २०८१।०८।२९ गते शेर्पा फस्ट भिलेज चेन्ताङको घुम्नेमा बजारमा भोटखोला गाउँपालिकाको प्रतिनिधि जिल्ला प्रशासन कार्यालय संखुवासभाको प्रमुख जिल्ला अधिकारी र जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरुको उपस्थितिमा दिङजे काउण्टी र धिङरी काउण्टीका प्रमुख प्रशासकहरु बीच भएका र अनौपचारिक बैठकमा सहमति भएका प्रस्तावहरु तथा सहयोग आदान प्रदान र कार्यन्वयन गर्न संघीय सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय न. ३:-

१. प्रस्ताव नं. ३ माथि छलफल गर्दा किमाथांका कोशी प्रदेशकै सबैभन्दा सहज वातावरणमा आवात जावत गर्न विराटनगरको जोगमनीबाट उत्तरी क्षेत्रको सबभन्द छोटो दुरी भएको, भन्सार कार्यालयको नाममा २०० रोपनी भन्दा बढी जग्गा भएको नाका मिति २०८१।०२।१२ गते तत्कालीन उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री माननीय नारायणकाजी श्रेष्ठबाट नेपालको उत्तरी क्षेत्रको १४ वटा नाका औपचारिक रुपमा यही किमाथांका नाकाबाट पुनः सञ्चालनको उद्घाटन गर्नु भइ हाल सामान्य रुपमा दैनिक सञ्चालनमा रहेको छ ।यस किमाथांका नाकालाई अयथासिघ्र नेपाल सरकारको विभिन्न संरचना तथा कार्यालयहरु स्थापना गरी अन्तर्राष्ट्रिय स्तरको नाका व्यवस्थापन गर्न तपशिलका मागहरु राखी संघीय सरकारसगँ समव्वय गर्न भोटखोला गाउँपालिका अध्यक्षलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

| सि.नं. | सेवा केन्द्रको नाम | माग गरेको मन्त्रालय | कैफियत |
|---|---|---|---|
| १ | एकिकृत चेकपोष्ट चौकी स्थापना | उद्योग तथा वाणिज्य मन्त्रालय | |
| २ | राष्ट्रिय वाणिज्य बैक काउण्टर | राष्ट्रिय वाणिज्य बैंक केन्द्रिय कार्यालय र अर्थ मन्त्रालय | |
| ३ | क्वारेन्टाईन स्थापना (खाद्य क्वारेन्टाईन प्लाण्ट, क्वारेन्टाईन र पशु क्वारेन्टाईन) | कृषि तथा पशुपंक्षी मन्त्रालय | |
| ४ | सिमा प्रशासन कार्यालय (पुनः स्थापना) | गृह मन्त्रालय | |
| ५ | भन्सार कार्यालय (पुनः स्थापना) | अर्थ मन्त्रालय | |
| ६ | सुख्खा बन्दर्गाहा DPR | अर्थ मन्त्रालय | |

निर्णय नं ४

प्रस्ताव नं ४ माथी छलफल गर्दा नेपाल सरकारले भोटखोला गाउँपालिकालाई निषेधित क्षेत्रको रुपमा राखिएको हुनाले उत्त निषेधित क्षेत्रको कारणले बाह्य पर्यटक आवतजावत गर्न असहज भएको , भोटखोला गाउँपालिकामा विरामी तथा विपद् जन्यमा परेका ब्यत्तिहरुलाई उद्दवार गर्न हेलिकप्टर प्रयोग गर्न पूर्व सहमति लिनु पर्ने झन्झटिलो प्रकृयाले उद्दवारमा कठिनाई भएको , बिभिन्न विकासको आयोजनाहरुको साधन ढुवानी गर्न समेत बाधा अवरोध भएको र मित्रराष्ट्र चीनको स्वशासति क्षेत्र सिजाङ प्रदेशको किमाथांका नाकासंग जोडिएको छिमेकी काउन्टि र गाउँबाट भोटखोलासम्म आवत जावत गर्न समेत बन्देज भएकोले सो निषेधित क्षेत्रलाई हटाई पाउँ भनी कोशि प्रदेश मुख्यमन्त्री परिषद र संघीय सरकारको गृह मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं ५ माथी छलफल गर्दा WAIBA Infratech pvt. Ltd. NEA/DCSD/PTSD/078/79PACKAGE-11 ले संचालन गरेको ग्रमीण पून:विधुतियकरण आयोजनाको लागी म्यादथप गरि पाउँ भनी मिति २०८१/१२/२२ गतेको पत्रानुसार आ.व २०८२/०८३ सम्मको लागि सम्बन्धीत निकायबाट म्यादथप गरी दिन सिफारिस गर्ने निर्णय गरियो । साथै WAIBA Infratech pvt.Ltd.ले भोटखोला-४ नामासेदेखि भोटखोला-२ रुकुमा टोलमा लैजाने विधुतियकरणको लाईन अनिवार्य लचीडाँडा नेपाल टेलिकमको टावर हुदै लैजानु पर्ने अनुरोधका साथ पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ माथी छलफल गर्दा तपशिलकामा उल्लेखित योजना तथा कार्यक्रमहरुको शिर्षक परिवर्तन गरि योजना र कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

| सि.नं | योजना/कार्यक्रमको नाम | कार्यक्रम संकेत नं | परिवर्तन गरिएको योजना/कार्यक्रमको नाम | वजेट रकम |
|---|---|---|---|---|
| १ | गोला भिर रक क्यालाईम्बिङ गुरु योजना | १३४.२१.१.१५४ | ४ नं वडा कार्यालय भवनको भर्याङमा रेलिङ सहित क्याप निर्माण योजना | रु.६०००००।- |
| २ | थुदाम खानेपानी योजना | १३४.२१.१.९६ | थुदाम गोरेटो बाटो मर्मत योजना | रु.६०००००।- |
| ३ | ३ नं वडा विपद् व्यवस्थापन कार्यक्रम | १३४.२१.१.१३८ | ३ नं वडा कार्यालय भवन कम्पाउण्ड तारबार घेराउ योजना | रु.२०००००।- |
| ४ | ३ नं वडा कार्यालय सिपमुलक कार्यक्रम वडा नं-३ | १३४.२१.१.१४२ | हटिया गाउँ कृषि सडक ट्याक ओपन योजना तथा सोलिङ कार्यक्रम योजना | रु.३०००००।- |
| ५ | हटिया , रिदाक , चेपुवा प्रहरी चौकी लजिष्टिक सहयोग | १३४.२१.१.१८ | ईलाका प्रहरी कार्यालय हटिया झ्यालढोका र सिलिङ मर्मत योजना | रु.२०००००।- |

निर्णय नं ७

प्रस्ताव नं ९ माथी छलफल गर्दा हुङगुङ सामुदायिक भवन निर्माणको लागी चाहिने आवश्यक जग्गा १७६ वर्ग मिटर भोटखोला गाउँपालिका वडा नं ३ को वडा कार्यालयको नाममा पास गर्नेको लागी मालपोत कार्यालय खाँदबारि सङखुवासभामा सिफारिस गर्ने निर्णय गरियो ।